आज मिति २०८१ साल असोज ५ गते शनिबारको दिन बिहान ८ : ०० बजे यस लमही नगरपालिकाका नगर प्रमुख श्री जोगराज चौधरी ज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा लमही नगरपालिकाको नगर कार्यपालिका बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थिती:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री जोगराज चौधरी | प्रमुख | |
| २ | श्री लक्ष्मी योगी | उप-प्रमुख | |
| ३ | श्री दामोदर पौडेल | वडा अध्यक्ष, वडा नं. १ | |
| ४ | श्री नेपालु चौधरी | वडा अध्यक्ष, वडा नं. २ | |
| ५ | श्री मनोज कुमार चौधरी | वडा अध्यक्ष, वडा नं. ३ | |
| ६ | श्री सुवास न्यौपाने | वडा अध्यक्ष, वडा नं. ४ | |
| ७ | श्री ओम प्रसाद सुवेदी | वडा अध्यक्ष, वडा नं. ५ | |
| ८ | श्री श्याम नारायण चौधरी | वडा अध्यक्ष, वडा नं. ६ | |
| ९ | श्री मोहन गिरी | वडा अध्यक्ष, वडा नं. ७ | |
| १० | श्री उमेश कुमार खड्का | वडा अध्यक्ष, वडा नं. ८ | |
| ११ | श्री भेष बहादुर के.सी | वडा अध्यक्ष, वडा नं. ९ | |
| १२ | श्री सुनिता कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| १३ | श्री पार्वती विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री देवा परियार | कार्यपालिका सदस्य | |
| १५ | श्री किरण चौधरी | कार्यपालिका सदस्य | |
| १६ | श्री चन्द्रा चौधरी | कार्यपालिका सदस्य | |
| १७ | श्री भविराज सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री लाल बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| १९ | श्री तुलसी वि.क | कार्यपालिका सदस्य | |
| २० | श्री प्रकाश देवकोटा | सचिव | |

## मिति २०८१।०६।०५ गतेको कार्यपालिकाको बैठकका निर्णयहरु:

निर्णय नं. १ : लमही नगरपालिका अन्तरगत नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना नगर समन्वय समिति को मिति २०८१ साल भाद्र २६ गते बसेको बैठकको निर्णय अनुमोदन गर्ने ।

निर्णय नं. २ : नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत आ.व २०८१।०८२ मा यस लमही नगरपालिकाबाट स्वीकृत भएका योजनाहरु सञ्चालनका लागि श्रममुलक सार्वजनिक निर्माण आयोजना सञ्चालन निर्देशिका खण्ड-२ को उपखण्ड २.३ मा भएको व्यवस्था बमोजिम कुल बजेटको ५५% Material use(non-wages cost), ४०%wages cost, ५%व्यवस्थापन खर्च गर्न सकिने प्रावधान रहेकोमा सबै निर्माण कार्य क्षेत्रमा यस कार्यविधि (Project Operation Manual)बमोजिम लागत अनुमान तयार गर्दा कामदार (Non-wages) उपलब्ध हुन नसकेको र निर्माण कार्य समेत दिगो/प्रभावकारी नदेखिएको हुँदा यस लमही नगरपालिकाबाट स्वीकृत दररेटको आधारमा सडक र भवनको नर्म्स (Norms) अनुसार लागत अनुमान तयार गरि निर्माण कार्य सञ्चालन गर्ने ।

निर्णय नं. ३ : नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिहंदरबार काठ्मान्डौंको उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत स्थानीय तहले आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा लमही नगरपालिका अन्तरगत लमही अस्पतालमा, लमहीको अस्पताल मापदण्ड अनुसारको भवन तथा भौतिक संरचना नभएको र उक्त लमही अस्तालको डि.पी.आर समेत स्वीकृत भईसकेको हुदाँ यस लमही नगरपालिकामा बिनियोजित हुने बजेट शिर्षक समपुरक कोषबाट खर्च हुने गरी १० प्रतिशत लागत सहभागिताको प्रतिबद्धता सहित लमही अस्पतालको भवन निर्माण आयोजनाको प्रस्तावहरु पेश गर्ने।

निर्णय नं. ४ : लमही नगरपालिकाको लागि आवश्यक रहेको तपशिल बमोजिमको कार्यविधी आवश्यक परेकोले विधेयक समितिकोबाट सिफारिस भई आएको कार्यविधी स्वीकृत गर्ने।

तपशिलः

| क्र.स | कानुन कार्यविधीको नाम | कैफियत |
|---|---|---|
| १ | लमही नगरपालिका करार खेती सम्वन्धी कार्यविधि, २०८१ | |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङ लुम्बिनी प्रदेश, नेपाल